अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०१/२०८२-०८३ मिति २०८२/०४/२७ गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ।

**संवत् २०८२ साल श्रावण २७ गते बसेको कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण:-**

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | कृषि विकास शाखा / पशु सेवा इकाई | यस गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार चालु आर्थिक वर्ष २०८२।०८३ का लागि संघीय सरकारबाट प्राप्त विशेष अनुदान अन्तरगत व्यवसायीक कृषि, जडिबुटी तथा नश्ल सुधार सहित पशुपंक्षी प्रवर्द्धन कार्यक्रम विशेष अनुदान कार्यविधि, २०८१ बमोजिम कार्यान्वयन गर्न कृषि विकास शाखा र पशु सेवा इकाईलाई स्वीकृति तथा निर्देशन दिने। |
| २. | पूर्वाधार / योजना शाखा | चालु आर्थिक वर्ष २०८२/०८३ को संघीय समपुरक अनुदान अन्तरगत यस गाउँपालिकाको वडा नं ४ मा निर्माण हुने हाईअल्टिच्युट साहसिक पर्यटन रंगशाला निर्माण आयोजनाको बोलपत्रका माध्यमबाट निर्माण कार्य गर्ने। |
| ३. | | यस गाउँ कार्यपालिकाको कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/०८३ मा निर्माण तथा कार्यान्वयन गरिने आयोजनाहरुको विद्युतीय प्रणाली (e-GP) मार्फत बोलपत्र आह्वान गरी कार्यान्वयन गर्ने। |
| ४. | | मार्मा गाउँपालिकाको पारिबगर देखि यस गाउँपालिकाको वडा नं. ५ स्थित रहेको मकरीगाड जोड्ने सडक खण्ड वर्षातका कारण सडक कटान, ठाउँ-ठाउँमा पहिरो, सडकको बीचमा ढुङ्गा माटो थुप्रिएक ले सडक अबरुद्ध भई जनजीवन प्रभावित भएकाले सडक मर्मत गर्ने र सोका लागि आवश्यक कारवाही गर्न पूर्वाधार विकास शाखालाई स्वीकृती तथा निर्देशन दिने। |
| ५. | प्रशासन शाखा | यस गाउँपालिका कार्यालय र मातहतका स्वास्थ्य संस्थाहरुमा विविध कारणले रिक्त रहेका पदमा अपिहिमाल गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०८० बमोजिम पदपूर्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने। |
| ६. | | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को राजस्व सुधार कार्यक्रमको कार्यान्वयन तथा राजस्व संकलनका लागि ६ वटै वडामा १/१ जनालाई अपिहिमाल गाउँपालिकाको कर तथा गैरकर राजस्व संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा २६ बमोजिम राजस्व संकलकमा नियुक्त गर्ने। |
| ७. | | यस गाउँपालिकाको वडा नं. ५ र ६ जोड्ने ओखल झोलुङ्गे पुल हेराला धाना देवी ठगुन्नाको शारिरिक अवस्था कमजोरीका कारण पुल संरक्षकको कार्य गर्न नसक्ने हुँदा पुल संरक्षक नियुक्त गर्ने। |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ८. | स्वास्थ्य शाखा | सुदूरपश्चिम प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०८२/०८३ का लागि प्राप्त विशेष अनुदान अन्तरगतको वर्थिङ सेन्टर सुधार कार्यक्रमबाट देहाय बमोजिम हुने गरी कार्यान्वयन गर्ने।<br>तपसिलः-<br>१. वडा नं. १ को वर्थिङ सेन्टर मर्मत, सम्भार गरी सञ्चालनमा ल्याउने,<br>२. अन्य वर्थिङ सेन्टरहरुका लागि प्रस्ताव बमोजिम सामाग्री खरिद गर्ने। |
| ९. | | यस गाउँपालिकाको वडा नं.५ स्थित सौगन्ना आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सेवाग्राहीहरुको बढ्दो चाप र कोठा अभावका कारण सेवा प्रवाहमा समस्या भएको हुँदा उक्त आधारभूत स्वास्थ्य सेवा केन्द्रको तला थप गर्नुपर्ने भएकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं समक्ष आवश्यक्र बजेटका लागि अनुरोध गर्ने। |
| १०. | | यस गाउँपालिकाको वडा नं.२ भौगोलिक हिसाबले ठुलो र बस्तीहरु छरिएर रहेका कारण घुसा स्वास्थ्य चौकीमा गइ सेवा लिन सेवाग्राहीहरुलाई समस्या हुने हुँदा २ नं. वडा अन्तरगत रहेका दैभात, साकार र थाला बस्तीका सेवाग्राहीहरुलाई पायक पर्ने गरी सामुदायिक स्वास्थ्य इकाई तथा बर्थिङ सेन्टर निर्माण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौँ समक्ष आवश्यक बजेटका लागि अनुरोध गर्ने। |

... सिंह बोहरा
प्रवक्ता
... गाउँ कार्यपालिका